# लघु जीवन बीमकको लगानी (पहिलो संशोधन) निर्देशन, २०८०

**<u>स्वीकृत मिति</u>ः २०८०।०९।०५**

**<u>प्रस्तावना</u>ः** लघु जीवन बीमकको लगानी निर्देशन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिले देहायका निर्देशनहरु जारी गरेको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः** (१) यस निर्देशनको नाम "लघु जीवन बीमकको लगानी (पहिलो संशोधन)निर्देशन, २०८०" रहेको छ ।

(२) यो निर्देशन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. <u>लघु जीवन बीमकको लगानी निर्देशन, २०७९ को क्र.सं. १.१ (७) मा संशोधन</u>ः**

(१) लघु जीवन बीमकको बीमकको लगानी निर्देशन, २०७९ (यस पछि मूल निर्देशन भनिएको) को क्र.सं. १.१ (७) को लगानीको क्षेत्र महलमा रहेका "साधारण शेयर" भन्ने शब्दहरुको सट्टा "शेयर" भन्ने शब्द राख्ने ।

(२) मूल निर्देशनको क्र.सं. १.१ (७) लगानीको शर्त महलमा रहेका " पाँच प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पन्ध्र प्रतिशत" भन्ने शब्दहरु राख्ने।